स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड फिल्म “हेरा फेरी ३” लाई लिएर अक्षय कुमारसँग भइरहेको विवादका बिच वरिष्ठ अभिनेता परेश रावलले अर्को सनसनीपूर्ण खुलासा गरेका छन्। उनले फिल्म “ओह माई गड २” (ओएमजी २) को वास्तविक कथा र अवधारणा आफ्नै भएको दाबी गरेका हुन्। तर पछि यसको स्क्रिप्ट परिवर्तन गरिएको र आफूलाई यसको कुनै क्रेडिट समेत नदिएको गुनासो उनले गरेका छन्।

**आजको विचार...**



सुशासनको... (दुई पेजमा)

सोमबहादुर थापा



अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर पुन: एकपटक ठूलो पर्दामा एकसाथ देखिने भएका छन्। “कबड्डी” र “जारी” जस्ता व्यवसायिक सफल फिल्ममार्फत दर्शकको मन जितेको यो जोडीलाई आगामी फिल्म “रातो घेरा” मा देख्न पाइने भएको हो। शीतल निवासमा राष्ट्रपतिबाट सर्वोत्कृष्ट अभिनेत्रीको राष्ट्रिय चलचित्र अवार्ड प्राप्त गरेको एक दिनपछि निर्माताले मिरुनालाई लिएर यो फिल्मको घोषणा गरेका हुन्। विश्राम फिल्मस् प्रालिको निर्माणमा बन्न लागेको यो फिल्मलाई अनिल बुढामगरले निर्देशन गर्ने छन्।

❐ वर्ष ३२ ❐ अंक २ ❐ २०८३ साउन २ गते शनिबार 18 July 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### स्कुल बस दुर्घटना, २१ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**कम्पाला (युगान्डा),** साउन १/पूर्वी युगान्डामा स्कुल बस दुर्घटना हुँदा २० जना स्कुले बालबालिका सहित कम्तीमा २१ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको प्रहरीले शुक्रबार जनाएको छ । ट्राफिक र सडक सुरक्षा निर्देशनालयका प्रवक्ता माइकल कानानुराले विज्ञप्ति जारी गर्दै युगान्डाको राजधानी कम्पालाको किङ डेभिड जुनियर स्कुलका विद्यार्थी बोकेको बस काप्चोर्वा जिल्लाको चेकवाटित गाउँमा दुर्घटना भएको बताएका छन् ।

प्रारम्भिक अनुसन्धानले विद्यार्थीलाई कप्चोर्वाको सिपी फल्सको शैक्षिक भ्रमणमा लगिएको अवस्थामा दुर्घटना भएको जनाइएको छ । भ्रमणबाट फर्कने क्रममा ड्राइभरले गाडीको नियन्त्रण गुमाउदा गाडी सडकबाट चिप्लिएर सडक किनारको ठूलो ढुङ्गामा ठोक्किदा भएको दुर्घटनामा ठुलो मावविय क्षति भएको कानानुराले पुष्टि गरेका छन् । दुर्घटनाको वास्तविक कारण बारे थाहा पाउनको लागि प्रहरीले अनुसन्धान सुरु गरिसकेको बताइएको छ ।

# मादल बजाउने सीप सिक्दै पाल्पाका महिला

*“स्थानीय मौलिक कला संस्कृतिको संरक्षण हुने र महिलाहरुलाई आर्थिक रुपमा सक्षम बनाउने उद्देश्यले वडाबाट मादल बजाउने तालिम दिइएको हो । “पछिल्लो समय महिलाहरु घरायसी काम र सामाजिक सञ्जालमा मात्र व्यस्त हुने गर्दछन्, उनीहरुलाई सीप सिकाएर सक्षम बनाउन तालिम फलदायी हुने हाम्रो विश्वास छ ।”*

**रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा)** साउन १ / जिल्लाका महिलाहरुले उत्साहका साथ मादल बजाउने सीप सिक्न थालेका छन् । विभिन्न स्थानीय तह र सांस्कृतिक संस्थाले सञ्चालन गरेका तालिममा महिलाहरूको उल्लेखनीय सहभागिता देखिएको छ । तालिममा सहभागी महिलाहरूले मादल बजाउने कला सिकेर सांस्कृतिक कार्यक्रम, लोकदोहोरी तथा विभिन्न सामाजिक अवसरमा आफ्नो प्रतिभा प्रस्तुत गर्न थालेका छन् ।


जिल्लाको तानसेन नगरपालिका, माथागढी गाउँपालिका,तिनाउ गाउँपालिकाका वडाहरुले महिलाहरुलाई मादल बजाउने तालिम दिएपछि अहिले उनीहरुले प्रतिभा प्रस्तुत गर्न थालेका छन् । सीपले महिलाको आत्मविश्वास बढाउनुका साथै नेपाली



मौलिक कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुगेको उनीहरूको भनाइ छ । तालिम लिएसँगै तानसेन -३ की मञ्जु श्रेष्ठले भनिन्, “छोराको बिहेमा मादल बजाउन जान्ने मानिस अब खोज्न नपर्ने भयो, आफू र टोलका दिदीबहिनीले मादल बजाउन जान्ने भएपछि कसैको आवश्यकता नपर्ने भयो ।” तालिमबाट झ्याउरे, रत्यौली, तिज गीत, भजन, देउसी र भैलोमा मादल बजाउन सक्षम भएको उनले बताइन् । श्रेष्ठले नेपाली संस्कृतिमा मादलको प्रयोग धेरै हुने भएकाले तालिम फलदायी भएको उल्लेख गरिन् ।

श्रेष्ठ मात्र हैन तानसेन नगरपालिका वडा नं. २, ३, ७, ९, माथागढी गाउँपालिका वडा नं. ३ र तिनाउ गाउँपालिका वडा नं. ५ का दुई सय ५० भन्दा बढी महिलाहरुले मादल बजाउन सिकेको प्रशिक्षक तथा राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान पाल्पाका अध्यक्ष रुपेश कार्कीले बताए । *-बाँकी अन्तिम पेजमा...*

# तीन हजार २९६ विपद्का घटना, १६० जनाको मृत्यु



**काठमाडौँ,** साउन १/ बितेका तीन महिनामा देशभर विपद्का तीन हजार २९६ घटना भएका छन् । ती घटनामा १६० जनाको मृत्यु छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन प्राधिकरणका अनुसार वैशाख १ देखि असार ३२ गतेसम्मका विपद्का घटनामा दुई जना बेपत्ता तथा ९४५ जना घाइते भएका छन् । यस अवधिमा चार हजार ३७५ परिवार प्रभावित भएका छन् । प्राधिकरणले सबैभन्दा बढी ८९७ आगलागीका घटना भएका तथा तिनमा १७ जनाको मृत्यु, १०९ जना घाइते तथा ९९० परिवार प्रभावित भएका जनाएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

# नेशनल प्याथ ल्याबको १८ औं शाखा तानसेनमा

**पाल्पा,** साउन १ /नेशनल प्याथ ल्याबले १८ औं शाखा पाल्पाको तानसेनमा विस्तार गरेको छ । उसले तानसेनस्थित आन्दोलनचोकमा शुक्रबारदेखि शाखा शुभारम्भ गरेको हो ।

डेढ करोड लागतमा ल्याव सञ्चालनमा ल्याइएको संस्थाले जनाएको छ । उसले सबै खाले परीक्षण तानसेनमै सम्भव हुने गरी अत्याधुनिक उपकरणसँगै दक्ष प्राविधिकको व्यवस्थापन गरि सेवा शुभारम्भ गरेको हो । संस्थाका अध्यक्ष रुद्र बहादुर कार्कीले गुणस्तरीय सेवा प्रदान गर्नका लागि तानसेनमा शाखा सञ्चालनमा ल्याइएको बताए । अब प्रयोगशाला सम्बन्धी परिक्षणका लागि बाहिर जानुपर्ने बाध्यताको अन्त्य भएको उनको भनाइ छ । नमुना परिक्षण गर्न बाहिर पठाउदा धेरै समय पर्खनुपर्दा बिरामीको उपचार समेत प्रभावित हुने अध्यक्ष कार्की बताउँछन् । प्रयोगशालामा रगतसम्बन्धी सम्पूर्ण जाँच हुने शाखाका टेक्निकल डाइरेक्टर डा. रुपेन्द्र शाक्यले जानकारी दिए । उनका अनुसार सुगर, मृगौला, मुटु, पेनक्रियाज, हड्डी लगायतका सम्पूर्ण बायोक्यामेस्टिक परीक्षण गरिन्छ । प्रयोगशालामा हर्मोन सम्बन्धी ( थाइराइड, ट्युमर क्यान्सर,



प्रजनन् स्वास्थ्य ) सर्म्पूण जाँच पनि गरिन्छ । माइक्रोबायोलोजी सेवा, सेलोलोजी परीक्षण संकलन भएको १/२ घण्टामै रिपोर्ट दिइने व्यवस्था रहेको डा. शाक्यले बताए । उनले भने “हामीले दक्ष तथा अनुभवी प्याथोलोजिष्ट, टेक्नोलोजिस्ट, टेक्निसियनहरुबाट सेवा दिन्छौं ।” ल्यावमा गुणस्तरीय मापदण्ड पुरा गरेका फुल्ली बायोक्यामेस्टिक अरोमेटिक एनोलाइजर, फुल्ली इम्युनोलोजी, हेमाटोलोजी एनालाइजर, प्रोटिन एनालाइजर जस्ता उपकरणहरुबाट परीक्षण गरिने डा. शाक्यले बताए । ल्यावको शुभारम्भसँगै निरीक्षणमा पुगेका नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले जटिल खालका ल्याव परीक्षणका लागि बाहिर जानुपर्ने बाध्यता रहेको अवस्थामा अबदेखि सम्पूर्ण ल्यावका सेवाहरु तानसेनमै उपलब्ध हुने भएपछि जिल्लाका नागरिकलाई सहज हुने विश्वास व्यक्त गरे । उनले सेवालाई थप सहज र गुणस्तरीय बनाएर दीर्घकालीन रुपमै अगाडि बढाउन संस्थालाई आग्रह गरे । वि.सं. २०६९ सालमा बुटवलबाट सुरु भएको ल्याबले पाल्पासहित देशका १८ शहरमा शाखा विस्तार गरेको छ । अहिले पाल्पासँगै बुटवल, काठमाडौँ, भैरहवा, गुल्मी, अर्घाखाँची, घोराही, तुल्सीपुर, पोखरा, चितवन, धनगढी, महेन्द्रनगर लगायतका ठाउँहरुमा यसका शाखाहरु सञ्चालनमा छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## सर्वसाधारणमा महँगीको मार

पछिल्ला दिनहरुमा महँगी अत्याधिक रुपमा बढेको छ । बजार मूल्य नियन्त्रणमा आउन नसकेका कारण सर्वसाधारण वर्ग चिन्तित भएका छन् । खासगरी, खाद्यान्न र तरकारीको मूल्यमा भएको अप्रत्याशित वृद्धिले श्रमजीवी जनताको दैनिकीमा नकारात्मक प्रभाव परेको पाइएको छ । बजार अनुगमन गर्ने अख्तियार पाएका सम्बन्धित निकायले मूल्य नियन्त्रणतर्फ भने खासै चासो देखाएको पाइँदैन । बजारमा मूल्य वृद्धि हुनु नै महँगी बढ्नु हो । आम्दानीको स्रोत संकुचित हुने तर खर्च भने निरन्तर बढिरहँदा आधारभूत आवश्यकता पनि पूरा गर्न नसकिने अवस्था बढ्दै गएको छ । राष्ट्र बैंकले औसतमा निकाल्ने मूल्यवृद्धि दर पनि निरन्तर बढ्न थालेको हुँदा सर्वसाधारणको दैनिक उपभोगका वस्तुहरूमा भाउ निकै अकासिइसकेको देखाउँछ । भान्सादेखि यात्रामा हुने महँगीलाई बढी अनुभूत गर्ने भएकाले निम्न तथा मध्यम वर्गीय परिवार मूल्यवृद्धिबाट बढी प्रताडित भएका छन् । बेरोजगारीको समस्या अधिक रहेको नेपाली समाजमा मूल्यवृद्धि उसै पनि चिन्ताको विषय हो ।

२०८२ असारदेखि मंसिरसम्म मूल्यवृद्धि दर दुई प्रतिशत हाराहारीमा थियो । पुसदेखि लगातार बढ्न थालेको बजार भाउको दर वैशाखमा ५.०४ प्रतिशत पुगेको थियो । जेठमा थप अकासिएर ५.२२ प्रतिशत पुगेको हो । बहुमत प्राप्त सरकार आफैं अर्थतन्त्रप्रति त्यति गम्भीर छैन, त्यसमाथि आमनागरिकको दैनिन्दिन चुलोमा नै नकारात्मक असर पर्ने भएपछि सरकार तथा राष्ट्र बैंक दुवैको असफलता झल्किन्छ । मूल्यवृद्धि नियन्त्रण गर्नेतर्फ सरकार वा सम्बन्धित निकायले कुनै सक्रियता नदेखाउनु आफैमा दु:ख र चिन्ताको विषय हो । राज्यको उपस्थिति हुँदाहुँदै पनि उचित बजार नियन्त्रण हुन नसकेपछि कालाबजारियाहरु हौसिएका छन् । जति मूल्य बढाए पनि नियन्त्रण गर्ने कोही छैन भन्ने भ्रम पालेर व्यापारीहरुले मूल्यमा एकाधिकार कायम गरेका छन् । जसले गर्दा आम उपभोक्ताको भान्सा महँगी बन्न पुगेको छ । यसरी आम नागरिकको भान्सामा महँगी बढ्दै गएका बेला सरकार र सरोकारवाला निकाय मुकदर्शक भएर बस्न कदापि मिल्दैन । यस सम्बन्धमा स्थानीय प्रशासनले स्थानीय सरकारसँग समन्वय गरेर केही न केही ठोस कदम चाल्न आवश्यक छ ।

### Opinion @ Social Network

घमन्ड गर्नेलाई गर्न दिनुपर्छ,
भुइँ छोडेर उडेको धुलो पनि हावाले छोड्यो भने फेरी भुइँमै आउने गर्छ ।
*(ललित लिम्बुको फेसबुक स्टाटसबाट www.facebook.com/Lalit.Limbu)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुशासनको प्रतिबद्धताको परीक्षा



## सोमबहादुर थापा

*सरकारले शासकीय सुधारलाई प्राथमिकतामा राख्दै अनियमितता, भ्रष्टाचार तथा सार्वजनिक साधन स्रोतको दुरुपयोगविरुद्ध कडा रूपमा अघि बढ्ने संकेत दिएको छ । यसले जनमानसमा देशमा केही परिवर्तन हुन सक्छ कि भन्ने आशा जगाएको देखिन्छ । सुशासनप्रति सरकारको प्रतिबद्धतालाई देशभित्र र बाहिर पनि अपेक्षाकृत सकारात्मकरूपमा हेरिएको छ । तर, प्रधानमन्त्री शाहको सोच र कार्यगतिलाई केही मन्त्री तथा अधिकांश कर्मचारीसँग नमिलेको देखिन्छ । त्यसैले सरकारले अपेक्षित गति र परिणाम देखाउन नसकेको हुनुपर्छ । शासकीय सुधारका नाममा सरकारले सुरुमै आठवटा अध्यादेश ल्याएर परिवर्तनको संकेत दिएको थियो । तर, तीमध्ये चारवटाले मात्र कानुनको रूप लिन सके । लोकतान्त्रिक शासन व्यवस्थामा अध्यादेश अस्वाभाविकै त होइन तर विधि निर्माणको मूल माध्यम संसद् नै हुनुपर्छ । अझ बोलाइसकेको संसद् स्थगित गरेर अध्यादेश ल्याउनु त झन् हुँदैन । अध्यादेश कहिलेकाहीँ बाध्यता हुन सक्छ तापनि त्यसलाई नियमित अभ्यास बनाइयो भने संसदीय प्रक्रियाको औचित्य नै खफबलिन सक्छ । अनियमितता र भ्रष्टाचारविरुद्ध सरकारले थालेको अभियानलाई पुराना दलका केही नेताले प्रतिशोधको राजनीतिको आरोप लगाएका छन् ।*

बालेन्द्र (बालेन) शाह नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार चार महिनामा प्रवेश गर्दै छ । सरकारका लागि यो राम्रो कामको आधार तयार गर्ने प्रारम्भिक समय हो । धेरै लोकतान्त्रिक मुलुकमा यस्तो अवधिलाई 'हनीमुन पिरियड' मानिन्छ । त्यस अवधिमा सरकारको आलोचना र विरोध अपेक्षाकृत कम हुन्छ । तर, बालेन सरकार भने सुरुदेखि नै समर्थनसँगै आलोचनाको केन्द्रमा पनि परेको छ । सरकारले शासकीय सुधारलाई प्राथमिकतामा राख्दै अनियमितता, भ्रष्टाचार तथा सार्वजनिक साधन स्रोतको दुरुपयोगविरुद्ध कडा रूपमा अघि बढ्ने संकेत दिएको छ । यसले जनमानसमा देशमा केही परिवर्तन हुन सक्छ कि भन्ने आशा जगाएको देखिन्छ । सुशासनप्रति सरकारको प्रतिबद्धतालाई देशभित्र र बाहिर पनि अपेक्षाकृत सकारात्मकरूपमा हेरिएको छ । तर, प्रधानमन्त्री शाहको सोच र कार्यगतिलाई केही मन्त्री तथा अधिकांश कर्मचारीसँग नमिलेको देखिन्छ । त्यसैले सरकारले अपेक्षित गति र परिणाम देखाउन नसकेको हुनुपर्छ । शासकीय सुधारका नाममा सरकारले सुरुमै आठवटा अध्यादेश ल्याएर परिवर्तनको संकेत दिएको थियो । तर, तीमध्ये चारवटाले मात्र कानुनको रूप लिन सके । लोकतान्त्रिक शासन व्यवस्थामा अध्यादेश अस्वाभाविकै त होइन तर विधि निर्माणको मूल माध्यम संसद् नै हुनुपर्छ । अझ बोलाइसकेको संसद् स्थगित गरेर अध्यादेश ल्याउनु त झन् हुँदैन । अध्यादेश कहिलेकाहीँ बाध्यता हुन सक्छ तापनि त्यसलाई नियमित अभ्यास बनाइयो भने संसदीय प्रक्रियाको औचित्य नै खफबलिन सक्छ । अनियमितता र भ्रष्टाचारविरुद्ध सरकारले थालेको अभियानलाई पुराना दलका केही नेताले प्रतिशोधको राजनीतिको आरोप लगाएका छन् । सरकारले भने भ्रष्टाचार नियन्त्रणलाई शासकीय सुधार, विकास र समृद्धिको आधार ठानेर अघि बढाउन खोजेको देखिन्छ । यद्यपि, प्रधानमन्त्री र उनको राजनीतिक नेतृत्व स्वयं भ्रष्टाचारबाट टाढा रहन सके भनेमात्र मन्त्री र प्रशासनिक नेतृत्वमाथि पनि त्यसको सकारात्मक दबाब पर्छ । शासन प्रशासन दयामाया वा तजबिजमा नभएर विधि र नीतिका आधारमा सञ्चालन हुनुपर्छ । नेपालमा व्यक्तिगत प्रभाव, पहुँच र कृपाका आधारमा शासन सञ्चालन गर्ने प्रवृत्तिले नै बेथिति बढाएको हो । संसद्बाट आर्थिक वर्ष २०८३/८४ को बजेट पारित भइसकेको छ । बजेटले रोजगारी, विकास, समृद्धि र सुशासनलाई प्राथमिकतामा राखेको दाबी गरिएको छ। सरकारले खुला अर्थतन्त्र, उदारीकरण तथा सार्वजनिक-निजी साझेदारीमार्फत विकास र रोजगारी बढाउने प्रतिबद्धता जनाएको छ भए पनि यी नीति र कार्यक्रम व्यवहारमा कति प्रभावकारीरूपमा कार्यान्वयन हुन्छन् भन्ने हेर्न बाँकी छ । सरकारले सय दिनमा एक सय काम गर्ने प्रतिबद्धतासहित काम सुरु गर्नु सकारात्मक संकेत हो। ठूलो जनादेशसहित आएको सरकारका अगाडि गरिबी, बेरोजगारी, अशिक्षा, खस्कँदो जीवनस्तर, उत्पादन र उत्पादकत्वमा आएको गिरावट, बढ्दो निराशा, स्रोत साधनको अभाव, सेवा प्रवाहको सुस्ती, ऋृण प्रवाहमा देखिएको असहजता तथा सार्वजनिक प्रशासनको कमजोरीजस्ता चुनौती उभिएका छन् । यी चुनौतीको सामना गर्न सरकार अझ दृढ र प्रभावकारीरूपमा प्रस्तुत हुनुपर्ने देखिन्छ । बालेन नेतृत्वको सरकारको आलोचना मुख्यत: दुई विषयमा केन्द्रित छ – योजनाबिनै सुकुम्बासी बस्ती हटाइएको र संसद्मा प्रधानमन्त्रीको न्यून उपस्थिति । गुठी तथा सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेकाहरूलाई कुनै न कुनै बेला व्यवस्थापन गर्नैपर्ने अवस्था थियो । सरकारले कार्यकालको सुरुमै त्यसतर्फ कदम चाल्यो । तर, वास्तविक सुकुम्बासीको पहिचान र पुनर्स्थापनाको प्रक्रिया ढिलो हुँदा आलोचना हुनु स्वाभाविकै थियो । सरकारले वास्तविक सुकुम्बासीलाई छानबिनपछि जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि त्यसको कार्यान्वयनमा भएको ढिलाइले सरकारको नियतमा प्रश्न उठेका छन् । यद्यपि, कुनै पनि सरकारको पहिलो दायित्व नागरिकलाई सीप र योग्यताअनुसार रोजगारीका अवसर सिर्जना गर्नु भएकाले जग्गा वा घर वितरणलाई दीर्घकालीन समाधानका रूपमा लिन सकिँदैन । सार्वजनिक वा गुठीको जग्गा बाँड्ने आश्वासनलाई राजनीतिक लाभको माध्यम बनाउने प्रवृत्तिले पनि यो समस्या जटिल बनेको थियो । नेपाल संसदीय लोकतान्त्रिक शासन व्यवस्था अपनाएको मुलुक हो । थाइल्यान्ड, सिंगापुर, दक्षिण कोरिया, मलेसियाजस्ता देशले पनि संस्थागत सुधार, उत्पादन वृद्धि र रोजगारी विस्तारमार्फत विकासको गति समातेका छन् । बालेन सरकारको रणनीति पनि उत्पादन, रोजगारी र सुशासनलाई केन्द्रमा राखेर अघि बढ्नुपर्छ । प्रधानमन्त्री बालेन शाहको संसद्मा न्यून उपस्थिति राम्रो सङ्केत होइन । कार्यकारी प्रमुख भएकाले सधैँ संसद्मा उपस्थित हुन सम्भव नहोला तर विशेष अवसर र प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तरका बेला भने स्वयं उपस्थित भएर सरकारले समसामयिक विषयलाई कसरी सम्बोधन गरिरहेको छ भन्ने जानकारी दिनुपर्छ । शासकलाई जनताप्रति उत्तरदायी बनाउने संसदीय शासन व्यवस्थाको मूल मर्म पनि यही हो । प्रधानमन्त्रीले कम्तीमा महिनामा दुई दिन संसद्मा उपस्थित भई प्रत्यक्ष जवाफ दिने परम्परा बसाल्न सके त्यसले संसदीय अभ्यासलाई अझ सुदृढ बनाउनेछ । बेलायतमा सन् १९६१ मा प्रधानमन्त्री ह्यारोल्ड म्याकमिलनको कार्यकालदेखि प्रधानमन्त्रीले संसद् सदस्यका प्रश्नको प्रत्यक्ष जवाफ दिने अभ्यास संस्थागत भएको हो। भारत, अस्ट्रेलिया र क्यानडामा पनि यस्तै परम्परा छ। नेपालमा वि.सं. २०७३ सालमा सभामुख ओनसरी घर्तीको कार्यकालमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था सुरु गरियो । तर, विगतका प्रधानमन्त्रीहरूले यसलाई अपेक्षित गम्भीरताका साथ निरन्तरता दिन भने सकेको देखिएको थिएन । यो कार्यक्रम औपचारिकता वा हल्का टिप्पणी गर्ने थलो होइन । सरकारको जवाफदेही प्रदर्शन गर्ने प्रभावकारी माध्यम हो । त्यसैले प्रधानमन्त्री शाहले यसको महत्त्व बुझेर सक्रिय सहभागिता जनाउनुपर्छ । यो पनि शासकीय सुधारको एउटा महत्त्वपूर्ण आयाम हो । प्रधानमन्त्री संसद्मा तयारीका साथ उपस्थित भई प्रत्यक्ष प्रश्नको जवाफ दिँदा सरकार र संसद् दुवैको गरिमा बढ्छ । यसले संसद् र कार्यपालिकाबीचको सम्बन्ध पनि सुदृढ बनाउँछ । त्यसैले पनि प्रधानमन्त्रीले संसद्का महत्त्वपूर्ण बैठकमा नियमित सहभागिता जनाउनु आवश्यक देखिन्छ । प्रतिपक्षी दलहरूले पनि संसद्लाई अवरोध, नाराबाजी वा प्रदर्शनको स्थायी थलो बनाउनु हुँदैन । संघीय संसद्को मर्यादा र प्रतिष्ठा जोगाउने दायित्व प्रतिपक्षको पनि उत्तिकै हो । संविधानले व्यवस्था गरेका अवस्थाबाहेक सरकार वा संवैधानिक निकायमा साझेदारीको अपेक्षा गर्नु प्रतिपक्षको भूमिका होइन । संसद्मा सरकारलाई प्रश्न गर्नु प्रतिपक्षको अधिकार र दायित्व हो । त्यस्ता प्रश्नको तथ्यपरक, तर्कसंगत र जिम्मेवार जवाफ दिनु सरकारको संवैधानिक तथा नैतिक कर्तव्य हो । तर, संसद्को गरिमा जोगाउने विषयमा सत्तापक्ष र प्रतिपक्ष दुवै पटक पटक चुकेका देखिए । नेपाललगायत अधिकांश विकासोन्मुख मुलुकको साझा चुनौती भ्रष्टाचार, पदको दुरुपयोग तथा सार्वजनिक सेवा प्रवाहमा हुने ढिलासुस्ती हो । चीन र भारत पनि यसबाट पूर्णरूपमा मुक्त छैनन् । यस्ता अनुभवबाट नेपालले पनि सिक्न सक्छ । सरकारले भ्रष्टाचार नियन्त्रण र शासकीय सुधारका अभियानलाई निष्पक्ष, पारदर्शी र कानुनसम्मत ढंगले निरन्तर अघि बढाउन सके त्यसले सरकारप्रतिको जनविश्वास बलियो बनाउनेछ । सुशासन कुनै एक दिनमा हासिल हुँदैन । यो त निरन्तरता, जवाफदेही र राजनीतिक इच्छाशक्तिबाट मात्र सम्भव हुन्छ । यही कारण, सरकारको भ्रष्टाचारविरुद्धको अभियान कुनै व्यक्तिविशेष वा दलविरुद्ध लक्षित नभई विधिको शासन संस्थागत गर्ने माध्यम बन्नुपर्छ । सरकारको सफलता भ्रष्टाचारविरुद्ध कतिजना पक्राउ परे भन्नेबाट नभएर विधिको शासन कति संस्थागत भयो भन्नेमा मापन हुनेछ ।

*-बाह्रखरी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : महत्वपूर्ण निर्णयमा सफलता मिल्नेछ। जिम्मेवारी कुशलतापूर्वक पूरा गर्नुहुनेछ। | **तुला**: साथीभाइसँग रमाइलो भेटघाट हुनेछ। सहकार्यले काम सजिलै पूरा हुनेछ। |
| **वृष** : काममा समय दिन पाउनुहुनेछ। आवश्यकता हेरेर अघि बढ्नु राम्रो हुनेछ। | **वृश्चिक** : शुभ समाचारले मन प्रसन्न बनाउनेछ। निर्णयले पछि फाइदा दिनेछ। |
| **मिथुन** : कार्यमा सक्रियता बढ्नेछ। आफ्नो क्षमता देखाउने अवसर प्राप्त हुनेछ। | **धनु** : घरबाहिर निस्कने अवसर मिल्नेछ। व्यक्तिसँगको भेटले दिनलाई रोचक बनाउनेछ। |
| **कर्कट** : घरको काममा समय बित्नेछ। खर्चको सन्तुलन मिलाउन सफल हुनुहुनेछ। | **मकर** : काम पूरा गर्ने मन बन्नेछ। क्रम मिलाएर अघि बढ्नु राम्रो हुनेछ। |
| **सिंह** : अवसरले आत्मविश्वास बढाउनेछ। भरोसा निभाउने अवसर मिल्नेछ। | **कुम्भ** : मिलेर बनाएको योजना अघि बढ्नेछ। मनमा सन्तोष रहनेछ। |
| **कन्या** : शरीरलाई आराम दिनु आवश्यक हुनेछ। परिवारसँग रमाइलो समय बित्नेछ। | **मीन** : आम्दानीबीच सन्तुलन कायम रहनेछ। काम पूरा गर्दा ढुक्क महसुस हुनेछ। |

# साहित्य दर्पण

कथा — बुद्धमणि ढकाल

## नलगाढका प्रेतात्मा

"दलबहादुरको छोरो नलबहादुर परार साल ठुलीभेरीमा खसेर मरेको हो नि ! त्यति गहिरो खोलामा खसेपछि ऊ कसरी ज्यूँदो रहन्छ त ?" " ल ! मेरै कानले सुन्या हुन् उसको स्वर । मान्छे नचिनिने अँध्यारो भाथ्यो र मैले ठिम्याउन सकिनँ । अर्को कोहीसँग उसको अधुरो सपना कहन्थ्यो ।" भोटेखोल्साको डिलमा बाली रुङ्न बसेका दुई प्राणी मुढाको आगो ताप्दै मान्छे र प्रेतका कुरा गर्छन् । "भुत आगो देखेर डराउँछन्, हगि " एउटाले आफू नडराएको भान पार्यो । "मलाई डराउँछन् जस्तो लाग्दैन । मैले भदौको औँसीमा यही खोल्सापारी लस्करै राँकेभुत देखेको । आफैँ आगो लिएर हिँड्छन् ।" अर्कोको अपत्यारिलो जवाफ । सूर्य दक्षिणायन लागेपछिको कृष्णपक्ष रात । आकाश बादलले डम्म ढाकेको, घरी घरी खोल्सै खोल्सा बतासको बेग हुइकिन्छ, पाखाको खरबारीमा सर्याङ् सर्याङ् आवाज आउँदै बिसाउँदै गर्छ । निस्पट्ट अँध्यारो र कटकट जाडो दुवै छिप्पेका । टारबारीको तल्लो छेउमा मैनाको रुखबाट बेला बेला लाटोकोसेरोको घुक.. घुक आवाज आइरहेको छ । याक्साको माथ्लो तलामा पराल र मकैका खोस्टाको गोदाम छ । यही हो उनीहरूको रात गुजार्ने बिस्तारा । "अब त जन्तु बाली खान पस्दैनन् होला । एकछिन बिझाएका आँखालाई लोलिन दिनुपर्छ ।" घडीले बाह्र नाघेको सूचना दिएको छ । आँखालाई ढकनीले छोप्नै लाग्दा भेरीले जमिन काटेर बनेको घुम्ती बगरतिरबाट चर्को आवाज आयो- आज राती नै मारेर घिसार्नुपर्छह छाला तान्नुपर्छह रगत पिउनुपर्छ । नत्र हाम्रो आत्माले मुक्ति पाउँदैन । "यो नलबहादुरकै स्वर जस्तो लाग्छ" एउटाले भन्यो । "चुडेल नलबहादुर होला ", अर्कोले थप्यो । "तर केही गरी ऊ ज्यूँदो रे छ भने ?" "यो गाउँमा ऊ किन फर्केर आउँथ्यो होला र ?" फेरि चकमन्न, सन्नाटा । खोला किनारको मैना रूखबाट लाटोकोसेरोको घु..क....घुक आवाज आइरह्यो । भर्खर उदाएको जूनलाई बादलको लतपत लिपाइले मधुरो टाटो मात्र देखाएको थियो, साउनको हिलोमा परेको छाया जस्तो । ती दुई प्राणीले एउटा खास्टोलाई बाँडेर ओढे र निदाउन खोजे । गाउँ सिरानको पहिरोले पिल्स्याएको जगाते भिरबाट अर्को चित्कार सुनियो -पख तिमीहरूलाई ! बदला नलिई छोड्दिन ! दलबहादुर सुनारको घरमा उल्का हुने गरेको वर्ष दिन जति भयो । कहिले ग्वालीका गाई फुकाइदिने, घरभित्र राखेका भाँडाबर्तन जुठेल्नुमा फ्याँकिएका हुने, कहिले बाँसका तामा भाँचिदिने अथवा ढुङ्गोमा राखेको दुध पोखिने जस्ता अचम्मका घटना भैरहेका थिए । गोले झाँक्रीले यसलाई उचित तन्त्र-मन्त्र गरेर उसको मान-भाउ बुझाउनुपर्छ भनेको छ । दमन्ती बिहे गरेर अर्कै गाउँ पुगेकी छ । माइत आएको बेला आमाले भनेको- गाउँमा उल्का घटना हुँदैछन् । पुर्णेको छेउ आमाले एउटा धमिलो आकृति गोठ ओरपर हिँडेको देखेको रे । कहिलेकाहीँ केरा घारीमा सर्लाङ्ग सर्लाङ्ग के हिँडेको जस्तो वा केराका थाम भाँचेको जस्तो आवाज सुनिन्छ रे । दमन्तीले एकदुईपल्ट पानी धारो छेउको चौतारोमा केही गुनगुन सुनेकी हो । मसिनो गरी



मान्छेहरू बोलेको आवाज । पीपल छायामा ओझेल परेर बिहानको झिसमिसेमा कोही वरपर हिँडेको जस्तो लागेको हो । खास के हो ठम्याउन सकिन उसले । आमाको कुरासँग उसको अनुभव मिलेजस्तो लाग्यो । अब भने उसलाई थोरै चिसो पस्यो- कतै नलबहादुरको प्रेत आत्माले उसलाई पछ्याएको पो हो कि ? माइतघरबाट फर्केपछि उसले रातै पिच्छे जसो सपनामा नलबहादुरसँग साबिकको प्रेमालाप भएको दृश्य देखिरहेकी छ । उता नलगाढमा धामी झाँक्रीले रात बिसाएका छैनन्, कहिले कुलको भाकल पुरा गर्ने, कहिले देवी देउरालीको थानमा बलि गर्ने त कहिले शनिदशा पन्छाउने । दलबहादुरको घरमा त देवाली गर्नुपर्ने नै भयो । जगाते भिरकै फेदमा थान बनाइयो र त्यहीँबाट सबै प्रेतहरूलाई गाउँ नपस्ने छेकबार लगाइने छ भने धामी झाँक्रीले । सामुदायिक देवाली गोले झाँक्रीको नेतृत्वमा गरियो । खुब जोखाना हेरे धामीहरूले । केही युवामा नलबहादुर र उसका साथीको प्रेत जगाए धामीले र ती युवा एक से एक बके : युवा एक- "मनुवाले हाम्लाई खेदी खेदी खोलामा हालेको हो । यो गाउँको भलाद्मीले हामीलाई आक्रमण गर्न लगायो र ऊ भाग्यो । हामी त हाम्रो साथीलाई बिहे गर्न सघाउन गएका हौँ । हामी चुडेल, किचकन्या, राँके भुत भएर हिँडिरहेका छौँ । हामी तड्पिरहेका छौँ ।" अर्को शरीर कमाउदै जोडले उफ्रिँदै करायो, "मेरो त्यस केटीसँग जीवन बिताउने सपना अधुरो छ । अर्को जुनी भए नि म उसलाई छोड्न सक्दिनँ । म आउँछु, आइरहन्छु, अपराध गर्ने माथि बदला लिएर छोड्छु । मेरो पवित्र आत्मामाथि यिनले धावा गरे..... म मान्छे भएर बाँच्न पाइनँ । यो प्रेतआत्मा लिएर बाँचेको छु तर म बदला......अँ बदला लिएर छाड्ने छु । उसलाई लिएर जान्छु ....एक न एक दिन ....स्वर्गमा आनन्दले भोग गर्छु ।" यस्तै यस्तै दु:ख भोगेको कुरा, आत्मा असन्तुष्टीको कुरा । सबैको मानभाउ पुगोस् भनेर बेग्लाबेग्लै थानमा काला कुखुराको भोग लाग्यो । गाईको शुद्ध घिउको धुप लगाए धुपौरेले र मागेको कुरा पुर्याउने छौँ भन्ने वाचा पनि गरे । यसको खातिर जगाते भिर फेदमा महिनाको कृष्णपक्ष चतुर्दशीको दिन फूल अक्षतासहित, खाने परिकार र केही कपडा यहाँ लगेर पूजा गरिने भयो । शास्त्रीय मेलो पनि गर्नुपर्छ भनेर भागवत पुराण र स्वस्तिशान्ति यज्ञ गर्न पुरेतहरूको टोली बन्यो । सात दिनको भागवत वाचन गर्न लीलाकृष्ण महाराजलाई ल्याउने निधो भयो । नलगाढ गाउँको सिरानमा रहेको देवी पाञ्चयन मन्दिरमा सप्ताह लाग्यो चैतको राम नवमी छेउ । आमाले दमन्तीलाई प्रेतदोष मेटाउन यथाशक्य दान गर्न भनिन् । दमन्तीले केही कपडा, पाँच पाथी चामल, दुई पाथी पिठो, छाता, झर्को थाल, करुवा दानका लागि बोकेर नलगाढ माइती गाउँ आई । सप्ताहको अन्त दिन विशेष अभिषेक मागेर उसले ती वस्तु दानमा सुम्पिई । जेठको मध्य मकैका बोट गोड्ने बेला छ गाउँमा । बाली रुङ्ने बेला आयो फेरि- रातभर दुम्सीको र मृर्गको गोठालो बस्नुपर्छ । याक्सामा पिलपिले आगो बालेर ती दुई प्राणी मसिनो गफमा मस्त थिए, जुन बेला उनीहरूले जूनको धमिलो उज्यालोमा एउटा भालुजस्तो आकृति देखे खोलापट्टिको डिलमा । प्राणी एक : त्यो जनावर के हो ? भुत हो कि साँच्चैको भालु ? प्राणी दुई : त्यो त भुत नै हो । शायद सबै अरू चुडेल र राँके भुत एउटा भालुका रूपमा बदलिए । पहिलो प्राणी - शायद बाख्रा, सुँगुरको बलि खान आएको होला । देवालीमा दिएको रगतले नपुगेर होला । दोश्रो प्राणी- दमन्तीले शायद यसकै कुरा गरेकी होला । उसका घरको एउटा भैँसी गोठबाट अलिक पर आधा चिथोरेर छोडेको थियो रे । भालु आकृति याक्सातिर लम्केको देखेर, दुई प्राणी हतार हतार माथ्लो तलामा उक्ले । नजिकै आएर भालु आकृतिले गर्जनसँग बोल्यो, " कहाँ छ मेरो शिकार ?" सास दबाएर बसे, लुकेर । डर लागिरहे पनि दुई प्राणीले त्यसको चियो गरे । त्यो भालु आकृति भोटे खोल्सातिर लागेपछि एउटाले खरानी टिप्यो र के के फलाकेर त्यस आकृति गएपट्टि फ्याँक्यो । अर्को रातदेखि त्यो आएको देखेनन् उनीहरूले । अर्को हप्ता दमन्तीको माइत घरमा खबर आयो - दमन्ती अकस्मात् बिरामी परेर इन्तु न चिन्तु लडेकी छ । खुन छादेकी रे । शायद उसलाई त्यो प्रेतले दु:ख दिएको हुनुपर्छ- नलबहादुरको भालु आकृतिले ।

*-साहित्यपोस्ट डटकम*

निबन्ध — राजेन्द्र पहाडी

## रुखो बचन नबोल निरमाया...

*विद्वान अरस्तुले पनि भनेका छन्- 'हामी जुन कामलाई लगातार गर्छौं, हाम्रो व्यक्तित्व त्यसै मुताविक बन्दै जान्छ । श्रेष्ठता कुनै एक कामले नभएर एउटा समुच्च बानीको परिणामस्वरुप प्राप्त हुन्छ ।' एउटा मर्मस्पर्शी भनाई नै छ- 'जहाँ नपहुँचे रवि, उहाँ पहुँचे कवि, जहाँ नपहुँचे कवि, उहाँ पहुँचे अनुभवी' । फेडरिक नित्सेले भनेका छन् 'जसलाई उड्न सिक्नुछ, उसले पहिले उभिन, हिँड्न र दौडन जान्नुपर्छ ।'*

"जबसम्म बोली तिम्रो मुखबाट निस्कँदैन तबसम्म त्यो बोली तिम्रो अधिनमा हुन्छ । जसै त्यो तिम्रो मुखबाट निस्कन्छ अनि तिमी त्यसको अधिनमा हुन्छौ ।" सामान्यत: मुखबाट निस्केको शब्द, वाणी वा वचन नै बोली हो । अर्को अर्थमा आपसको कुराकानी तथा बोलचाल गर्ने तरिका पनि बोली हो । धक नमानीकन वा मौकाअनुसार बोल्न सक्ने व्यक्तिलाई बोलक्कड, बोल्नमा सिपालु वा बोलैया भन्ने गरिन्छ । अर्कातर्फ मुखबाट सार्थक वा बुझिने शब्द निकाल्नु, कुरा गर्नु, बोलचाल गर्नु, वचन दिनु, भन्नु वा कहनुलाई बोल्नुको अर्थमा बुझ्न सकिन्छ । सबैको चाहना श्रुतीमधुर वाणी सुन्ने नै हुन्छ । यसोभएकाले वक्ताले जहिले पनि सरल, सुस्पष्ट, संयमित, शान्त र सारगर्भित हिसाबले बोल्नुपर्दछ भन्ने अपेक्षा गरिएको हुन्छ । भनिएको पनि छ- क: पर: प्रिय वादिनम् । अर्थात् बोल्नेको कोही पराया हुँदैनन् । गौतम बुद्धले एक ठाउँमा भनेकाछन्- 'मंगलकारी र विनम्र बोली भएको मानिसले सबैलाई आनन्दित बनाउँछ ।' यसरी बोल्नका लागि बक्ता व्यक्तिको दिमागमा बरफ, मुखमा मिश्री र फदयमा प्रेम हुनुपर्दछ । अरुलाई बोलीबाट प्रभाव पार्न चाहने व्यक्तिले आृनो मानसिक स्थितिलाई सदा एकरस, शान्त, शीतल एवं ठण्डा बनाउनु पर्दछ । भन्ने गरिन्छ, राम्रो बोलीवचन (शब्द) सदासदाका लागि अजरअमर हुन्छ । बोली बन्दुकको गोलीभन्दा धेरै शक्तिशाली हुन्छ । भारतको स्वतन्त्रता संग्रामको बेला महात्मा गान्धीले 'आृनो मनबाट डर निकालिदेऊ, संसारका कुनै शक्तिले तिमीलाई हल्लाउन सक्ने छैन ।' यही एउटा वाक्यलाई भारतीय जनताले मुक्ति मन्त्रका रुपमा लिएर ब्रिटिस साम्राज्यका विरुद्ध सैर्ष गरे र सफलता हात पारे । वास्तवमा शब्दरुपी बोलीबाटै मानिस विकासको यात्रामा अघि बढिरहेको हुन्छ । कैयन मानिसले यही शब्दको शक्ति र माध्यमबाट आृनो संस्कार र सभ्यताको विकास गरिरहेको हामीले देखिरहेका पनि छौं । बोल्नु भनेको आफूसँग भएको कुरा अरुलाई दिनु पनि हो । अरुलाई दिँदा नराम्रो किन दिने ? तुच्छ बोलीले अरुको मन किन दुखाउने ? आृनो ज्ञान, सीप र गुण अरुलाई सर्ला या आृनो सिद्धिएला कि भनेर किन डराउने ? हामीले बुझ्नु पर्छ कि मीठो बोलीवजन दिएर कहिल्यै घट्दैन, भरिनका लागि पोखिन आवश्यक छ । पोखिन डराउनेले भरिने मौका कहिल्यै प्राप्त गर्दैन पनि । वास्तवमा आफैभित्र विकास गरिएको बोल्ने सीप, क्षमता र दक्षताको प्रयोग गरेर अरुको मन जित्न त्यति धेरै कठिन पनि छैन । मीठो बोलीले जस्तोसुकै अप्ठ्यारो परिस्थितिलाई पनि सहजीकरण गर्नमा सहयोग पुऱ्याउँछ । 'काग वा कोइली' भनेर यी दुवैबीच रोज्न लगाउने हो भने स्वाभाविक उत्तर आउँछ 'कोइली' । कारण एउटा मात्र छ- मधुर बोली । बोल्ने मानिसले जहिले पनि दुई तोलाको जिब्रोले अढाई किलोको शिरलाई झुकाउन सक्दछ भन्ने पुरानो किंवदन्तीलाई मध्येनजर गर्नै पर्दछ । हामी सबैलाई ज्ञात छ कि जिब्रोको हड्डी त हुँदैन तर चाह्यो भने हजारौं हड्डीहरुलाई भाँचिदिने तागत जिब्रोसँग छ । भाव शुद्ध भए पनि अभिव्यक्त गरिने शब्द र शैलीमा संयमता अपनाउन सकिएन भने धेरै ठूलो मूल्य चुकाउनु पुरेका कैयौं उदाहरण हाम्रै समाजमा देख्न सकिन्छ । एउटा सानो शब्दको उपयुक्त स्थानमा चयन हुन नसक्दा अर्थको अनर्थ हुन पुग्दछ र सम्बन्धित व्यक्ति वा संस्थासँगको सम्बन्ध सधैंका लागि तिक्ततापूर्ण तथा अमिलो बन्न पुग्दछ । त्यसै भनिएको होइन- 'रुखो बचन नबोल निरमाया, बचनको घाउ निको हुँदैन ।' तसर्थ बोल्न पाएँ भन्दैमा जे जसरी पनि बोल्नुलाई सही भन्न सकिँदैन । तसर्थ पूर्वीय दर्शनमा भन्ने गरिएको छ- 'नराम्रो नदेखौं, नराम्रो नबोलौं, नराम्रौ नसोचौं । हामीलाई थाहा छ कुरा गर्ने हजारौं ओठहरुभन्दा काममा जुट्ने एउटै हात कैयौंगुणा शक्तिशाली हुन्छ । तसर्थ निरन्तर काममा जुटौं । गरेर सिक्ने प्रक्रियालाई स्वधर्म मानौं । एउटा सन्दर्भमा कार्ल मार्क्सलाई प्रश्न गरिएको थियो- 'सुन्दर को हुन्छ ?' उनको जवाफ थियो- 'कार्यमा लगातार जुटिरहने मानव नै सबैभन्दा सुन्दर हुन्छ । बगिरहेको पानी सफा र कञ्चन हुन्छ भनेजस्तै कार्यमा जुटिरहनेका हातहरु पनि पवित्र र सफा हुने गर्दछन् । तिनै मानिसले आृनो अभियानमा सफलता हासिल गर्दछन् ।' यसको सार हो निरन्तरको कामले अनुभवी बन्न सिकाउँछ । अनुभवले कार्यमा उच्चस्तरको सफलता प्राप्त गर्न सकिन्छ । कुशलतापूर्वक बोल्ने कुरा पनि निरन्तरको मेहेनत र अभ्यासपछि प्राप्त हुने सीप हो । विद्वान अरस्तुले पनि भनेकाछन्- 'हामी जुन कामलाई लगातार गर्छौं, हाम्रो व्यक्तित्व त्यसै मुताविक बन्दै जान्छ । श्रेष्ठता कुनै एक कामले नभएर एउटा समुच्च बानीको परिणामस्वरुप प्राप्त हुन्छ ।' एउटा मर्मस्पर्शी भनाई नै छ- 'जहाँ नपहुँचे रवि, उहाँ पहुँचे कवि, जहाँ नपहुँचे कवि, उहाँ पहुँचे अनुभवी' । फेडरिक नित्सेले भनेका छन् 'जसलाई उड्न सिक्नुछ, उसले पहिले उभिन, हिँड्न र दौडन जान्नुपर्छ ।' एउटा दक्ष बोलैया, उद्घोषक वा भाषणकर्ता बन्छु भन्ने चाहना लिएर बसेर मात्र सफलता प्राप्त हुँदैन । अपेक्षित लक्ष्य उद्देश्य प्राप्ती गर्नका लागि कामको थालनी गरिहाल्नुपर्छ, र जवसम्म सन्तोषजनक नतिजा हात लाग्दैन तवसम्म लगातार अभ्यास गरिरहनुपर्छ । पानीको तलाउमा एकपटक पनि हाम नफालीकन कसरी कुशल पौडीबाज बन्न सकिएला ? तसर्थ पूरा समर्पणभावका साथ बोल्नेकला विकास गर्न लागिरहनुपर्दछ । के दलित, के महिला, के युवायुवती, के बालबालिका, के सहरीया, के गाउँले हामी सबै कुनै न कुनै सम्भावनाले युक्त छौं । खाँचो ती सम्भावनाहरुलाई बाहिर कसरी प्रकट गर्ने भन्ने नै हो । पूर्ण इच्छाशक्ति, अनुशासन र समर्पणका साथ लाग्यौ भने असम्भव केही पनि छैन । सिक्न उमेरले छेक्दैन । गुणरत्नमालामा भनिएजस्तो- 'तोरीमा तीलमा छ तेल भरिलो आफै कहाँ झर्छ र । पेल्नै पर्छ बिना पर्यत्न मुखमा आएर कहाँ पर्छ र ।' तसर्थ पनि हामीभित्र भएको नौनीलाई पहिचान गरेर बाहिर निकाल्न बोल्नै पर्ने छ, मनको गाँठो खोल्नै पर्ने छ । यदि हामी सफल बन्न चाहान्छौं भने असफल मानिसले गर्ने आँट नगरेका कुरामा नै हाम्रो कदम अघि बढ्नुपर्दछ । नयाँ कुरा सिक्ने वा बोल्ने काम गर्दा आफैलाई प्रश्न गरौं- 'म को हुँ, कहाँ छु - कहाँ के छ हाल, लिएको छु के कामको जिम्मा ? कस्तो छ चाल ?' जवाफ कस्तो आउला । प्रश्न नपुगे अझै सोधौं- मेरो जीवनका लागि म आफैले जिम्मा लिन्न वा म केही गर्न तत्पर छैन भने अरु कसले जिम्मा लिन्छ ? मैले गर्नुपर्ने काम म आफैले नगरे अरु कसले गरिदिन्छ ? म होइन भने को ? यहाँ होइन भने कहाँ ? आज होइन भने कहिले ? यसरी होइन भने कसरी ? सकारात्मक जवाफ लिँदै अघि बढौं । शंकराचार्यले भनेका छन्- 'जसले मनलाई जित्न सक्छ उसले संसारलाई जित्न सक्छ ।' तसर्थ मनलाई जितेर अघि बढौं । हामी जे गर्छौं आँट र अदम्य सहासका साथ गरौं । काम उही भए पनि फरक तौरतरिका र विधि प्रयोग गरेर गरौं । सुविचारित ढंगले बोल्ने र मनको कुरो खोल्ने आफ्नो भिन्दै शैली र विशिष्ठता स्थापित गरौं । बोल्दा मैमत्ताभाव नदेखाऔं । 'फलेको बृक्षको हाँगो नझुकेको कहाँ छ र ?' भन्ने उक्तिलाई सदैव मनन गरी आफूलाई आएको अवसरको पूरापूर सदुपयोग गरौं । वस्तुत: अरुलाई झुकाउन स्वयं झुक्नुपर्दछ । झुक्नु भनेको सानो हुनु कदापि होइन, बरु अरुलाई आफ्नो नियन्त्रणमा राख्नु हो, सबैको मन मस्तिष्कमा बस्न सक्नु हो । कामले काम सिकाउँछ । तसर्थ बोल्ने कामबाट थप सफलता हातपार्ने अभिलाषा राखेर हातमा आएको जिम्मेवारीलाई निर्भिक ढंगले पूरा गरौं । एउटा कहावतले भने झैं- भन्दैमा सुनिन्छ भन्ने छैन, सुन्दैमा बुझिन्छ भन्ने छैन, बुझ्दैमा गरिन्छ भन्ने छैन, त्यसैले सुनाएर बोलौं, बुझाएर भनौं, बुझेर गरौं गरेर सिकौं । सक्षम बक्ता बन्ने भोक आफूभित्रै जगाऊँ । भोक जगाई जगाई बोल्नेकला आर्जन गरौं । अनेक बहानामा बाहिर भौंतारिनुभन्दा आफ्नो सीप, कुशलता एवं चाहनालाई पहिचान गरेर आफूभित्रकै सुन्दर संसारमा रमाउन जान्ने हो भने हामीलाई कहीँकतै जानुपर्दैन । जर्ज वासिङ्टनले भनेजस्तै गुणवान, मीठो बोल्ने, राम्रो गर्ने र सभ्य व्यक्तिको संगतमा रहनुस्, खराव संगतमा रहनुभन्दा बरु एक्लै बस्नुमा बेस हुन्छ । छुच्चोपन देखाएर कसैलाई पनि घृणा, तिरस्कार र बहिष्कार नगर्नुहोस् । बोल्दा कत्तिपनि उत्ताउलोपन नदेखाउनुहोस् । अनावश्यक गफाडी बनेर अर्काको खिल्ली उडाउन र आलोचना गर्न रुखो बोली नबोल्नुहोस् । जहाँ बोल्दै हुनुहुन्छ त्यहाँको कला, संस्कृति, परम्परा, मौलिकता, समाज तथा समग्र परिवेशका बारेमा जानकारी राख्नुहोस् । बोल्दा शब्दहरुको चयन समझदारी र होशियारीपूर्वक गर्नुहोस् । सोचेर बोल्नुहोस् नकी बोली सकेर सोच्नुहोस् । यति हुन सक्यो भने तपाईंको अघि बढ्ने बाटो कसैले छेक्न सक्दैन ।

*-समकालिन साहित्य डटकम*

# लुतो फालेर मनाइयो साउने सङ्क्रान्ति



**पाल्पा,** साउन १/ परम्परागत चाडपर्वका रुपमा मनाउदै आएको साउने संक्रान्ति राँको बाल्दै लुतो फाल्ने परम्परागत संस्कृतिलाई अनुसरण गरी शुक्रबार मनाईएको छ । घरको छत, आँगनेमा राँकोबाल्दै संक्रान्ति मनाइएको हो । परम्परागत रुपमा राँको बाल्दै आफ्नो अर्को गाउँका मानिसहरुलाई गाली गर्दै मनाउने गरिन्छ । असार महिनामा धान रोप्दा लागेको हिलो पखाली छाला रोग नलागोस् भन्ने कामनाले साँझ घरघरमा लुतो फालिएको छ । नेपालीले परम्पराअनुसार कागभलायो, कुकरडाइनो, लुतेझार, पानीअमला, कागती, अम्बा, नासपाती आदि औषधिका रूपमा समेत प्रयोग हुने वनस्पति राखेर कण्डारक नाम गरेका राक्षसको पूजा गरी बेलुकी अगुल्टो फाल्ने विधि छ । यसलाई लुतो फाल्ने भनिन्छ । यो विधि साउने सङ्क्रान्तिको बेलुकी सम्पन्न गरिन्छ । अधिकांश नेपाली खेतीमा लाग्ने भएकाले असार महिनाभर कृषि कर्ममा व्यस्त हुन्छन् । त्यस क्रममा हिलो मैलोले लाग्ने छालासम्बन्धी रोग ठीक गर्न लुतो फाल्ने गरिएको जानकार बताउँछन् । लुतो फाल्दा आ-आफ्नो कुल परम्परानुसार नाङ्लो ठटाउने, शङ्ख फुक्ने, घण्ट बजाउने, ढोका बन्द गर्ने चलन नेपाली समाजमा छ । सूर्यले मिथुन राशिको भोग पूरा गरी कर्कट राशिमा प्रवेश गर्ने पहिलो दिन देशभर साउने सङ्क्रान्ति पर्व मनाइएको हो । साउनदेखि नै सूर्य दक्षिण हुँदै हिँड्ने भएकाले यस दिनदेखि दक्षिणायन सुरु हुन्छ । माघ १ गते सुरु हुने उत्तरायण र साउन १ गते सुरु हुने दक्षिणायनका दिनलाई विशेष रूपमा मनाउने गरिन्छ । एक महिना काम गर्ने किसान साउन १ गते आफन्तका साथ जम्मा भई रमाइलो गरेर मनाएका छन् । साउन महिनालाई विशेषरूपमा भगवान् शिवको पूजा गरेर मनाइन्छ । महिलाले हरियो चुरालगायत कपडा लगाएर प्रकृतिसँग नजिक भएको देखाउने गरिएको पनि बताइन्छ । साउन महिनाभर देशभरका शिवालय विशेषगरी पशुपतिनाथ मन्दिरमा भक्तजनको विशेष भीड लाग्छ । साउन महिना शिवजीको र सोमबारलाई शिवको बार भनिन्छ । यसैले साउन महिना एवं सोमबार शिवालयमा भक्तजनको विशेष भीड लाग्ने गरेको हो ।

## तीन हजार २९६...

...उक्त अवधिमा सर्पदंशका ५१४ घटना भएका त्यसबाट ३८ जनाको मृत्यु, ४७९ जना घाइते तथा ५१७ परिवार प्रभावित भएका छन् । त्यसैगरी, हुरीका ४७७ घटनामा १३ जनाको मृत्यु भएको ६८ जना घाइते तथा एक हजार ३५६ परिवार प्रभावित भएका जनाइएको छ । पहिरोका ४३३ घटनामा १२ जनाको मृत्यु, १५ जना घाइते तथा ३५१ परिवार प्रभावित भएका छन् । चट्याङका २२३ घटनामा २४ जनाको मृत्यु, १२० जना घाइते तथा २६२ परिवार प्रभावित भएको जनाउँदै प्राधिकरणले सार्वजनिक गरेको विवरणमा वन्यजन्तुको आक्रमणका १८१ घटनामा १७ जनाको मृत्यु, १०३ जना घाइते तथा २८७ परिवार प्रभावित भएका उल्लेख छ ।

यसैगरी, बाढीका १६१ घटनामा नौ जनाको मृत्यु, दुई जना बेपत्ता, नौ जना घाइते तथा ३९६ परिवार प्रभावित भएका छन् । भारी वर्षाका १५३ घटनामा चार जनाको मृत्यु, एक जना घाइते तथा १३२ परिवार प्रभावित भएका छन् । त्यसैगरी, लेक लागेका ५५ घटनामा २१ जनाको मृत्यु र ३५ जना अझै अस्वस्थ छन् । ढुङ्गा खसेर भएको एक घटनामा दुई जनाको ज्यान गएको छ । तीन महिनामा वन डढेलोका १९१ घटना भएका, त्यसमा एक जनाको मृत्यु र दुई जना घाइते भएका जनाइएको छ । हिउँपहिरोका दुई घटनामा एक जनाको मृत्यु र एक जना घाइते भएका छन् । *-रासस*

## मादल बजाउने सीप...

...उनका अनुसार पछिल्ला वर्षहरूमा महिलाहरूको रुचि उल्लेखनीय रूपमा बढेको छ । नियमित अभ्यास र प्रशिक्षणका कारण उनीहरूले छोटो समयमै झ्याउरे, रत्यौली, तिज गीत, भजन, देउसी र भैलो गितमा मादल बजाउन सक्ने भएको प्रशिक्षक कार्कीले बताए ।

स्थानीय मौलिक कला संस्कृतिको संरक्षण हुने र महिलाहरुलाई आर्थिक रुपमा सक्षम बनाउने उद्देश्यले वडाबाट मादल बजाउने तालिम दिइएको तानसेन -३ का वडा अध्यक्ष बाबुरत्न शाक्यले बताए । उनले भने "पछिल्लो समय महिलाहरु घरायसी काम र सामाजिक सञ्जालमा मात्र व्यस्त हुने गर्दछन्, उनीहरुलाई सीप सिकाएर सक्षम बनाउन तालिम फलदायी हुने हाम्रो विश्वास छ ।" आर्थिक वर्ष २०८२/०८३ मा एक लाख बजेट विनियोजन गरेर वडा भित्रका २२ वटा टोल विकास समितिमा आवद्ध महिलाहरुलाई टोलविकास संस्थामार्फत तालिम प्रदान गरिएको अध्यक्ष शाक्यले बताए । नेपाली लोक धुन र परम्परागत बाजामा मादलको प्रयोग बढी हुने गर्छ । अर्कोतर्फ तिहारलाई विशेष गरी बत्ती र सङ्गीतको चाड मानिन्छ ।

तिहारमा प्रत्येकको घरमा बत्ती बाली आँगनमा मादलको धुनसहित देउसी-भैलो खेल्ने गरिन्छ । रत्यौली र तिहारमा मात्र नभई पूजाआजा, व्रतबन्धजस्ता चार्डपर्वमा पनि मादल बजाउने गरिन्छ ।

खेलकुद समाचार

## नेपाल यूएईसँग सुपर ओभरमा पराजित



**काठमाडौं,** साउन १/ नेपाली महिला यू-१९ क्रिकेट टोली एसीसी यू-१९ महिला प्रिमियर कपको सेमिफाइनलमा यूएईसँग पराजित भएको छ । शुक्रबार भएको सेमिफाइनलमा नेपाल यूएईसँग सुपर ओभरमा पराजित भएको हो ।

सुपर ओभरमा नेपालले ६ रन मात्र बनाउँदा यूएईले ३ बलमै लक्ष्य पूरा गर्‍यो । त्यसअघि निर्धारित २० ओभरको खेलमा दुवै टोलीले १०० रन बनाएपछि बराबरी भएर खेल सुपर ओभरमा धकेलिएको थियो । यूएईले दिएको १०१ रनको लक्ष्य पछ्याएको नेपाल २० ओभरमा १०० रनमा अलआउट भएको थियो । अनु कडायतले सर्वाधिक २० रन बनाइन् भने सना प्रवीण र अलिशा यादवले समान १७ रन बनाए । यूएईका लागि वैष्णवी महेशले ३ विकेट लिइन् भने साइ निखिलले २ तथा मेहक ठाकुर र जननी थिरुकुमारनले १-१ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको यूएईले १९.५ ओभरमा अलआउट हुँदै १०० रन बनाएको थियो । मेहुल कुलकर्नीले सर्वाधिक ३० रन बनाइन् भने लावन्या केनीले २५, नेहा कुमारीले अविजित १९ रन बनाइन् । नेपालका लागि रिया शर्मा र अनु कडायतले ३-३ विकेट लिँदा तिर्सना बिकले २ अनि मनिषा उपाध्यायले १ विकेट लिए । यूएईले अब उपाधिका लागि थाइल्यान्डसँग खेल्नेछ । नेपालले तेस्रो स्थानका लागि इन्डोनेसियासँग खेल्नेछ । दुवै खेल भोलि हुनेछन् । नेपाल यसअघि नै एसिया कपमा भने छनोट भइसकेको छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचक ७९ अंकले बढ्यो



**पाल्पा,** साउन १/ नयाँ आर्थिक वर्षको पहिलो दिन धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक उच्च अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ७९ दशमलव ७४ अङ्कले बढेको हो । नेप्से बढेसँगै दुई हजार ६ सय ७७ दशमलव ५४ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११ दशमलव ५१ अङ्कले उकालो लागेर ४ सय ६८ दशमलव ३८ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक पाँच दशमलव ४५ अङ्कले बढेर एक सय ८४ दशमलव ०३ मा पुगेको छ । यस्तै सेन्सेटिभ फ्लोट सूचक भने चार दशमलव १३ अङ्कले बढेर एक सय ५८ दशमलव ५६ मा पुगेको छ । यस दिन विभिन्न कम्पनीका एक करोड तीन लाख ८९ हजार ७७ कित्ता सेयर चार अर्ब ५७ करोड ५० लाख ९४ हजार सात सय २३ मूल्यमा खरिद बिक्री भएको छ । साथै १३ उपसमूहमध्ये १२ उपसमूह बढ्यो भने एक उपसमूह घटेको छ । दुई सय ५९ कम्पनीको सेयर बढ्यो भने १३ कम्पनीको सेयर घट्यो । त्यसैगरी दुई कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार श्रीनगर एग्रिटेक इन्डष्ट्रिज, सूर्यकुण्ड हाइड्रोपावर, शिखर पावर डेभलममेन्टका लगानीकर्ताले कमाएका छन् । त्यस्तै गरी आत्मनिर्भर लघुवित्त वित्तीय संस्था, फष्ट माइक्रो फाइन्नास आरबिबि लगायतका लगानीकर्ताले गुमाएका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई